निर्णयहरुः

१) चालु आ.ब. २०७७।७८ को श्रावण महिनाको १ गते देखि मंसीर मसान्तसम्म विपद् प्रभावितलाई जिल्ला विपद् व्यवस्थापन कोषबाट वितरण गरिएको राहत रकम रु ८,२३,०००।०० को खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

२) यस जिल्लाका सबै स्थानीय तहहरुले शितलहर तथा चिसोबाट प्रभावित हुने संभावित अति विपन्न परिवार, वस्ती र संख्या (वालबालिका गर्भवती/सुत्केरी महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अति विपन्न परिवार) पहिचान गरी शितलहर र चिसोबाट हुने क्षति कम गर्नका लागि सबै स्थानीय तह र सरोकारवालाहरु सचेत रहँदै विपद् व्यवस्थापन समितिसँग समन्वय गरी एकीकृत रुपमा अति विपन्न व्यक्ति तथा परिवारलाई अत्यावश्यक पर्ने राहत सामग्री उपलब्ध गराउने र सोको दैनिक रुपमा विवरण विपद् व्यवस्थापन समितिलाई रिपोर्टिङ्ग गर्ने ।

३) पालिकाले आफ्नो क्षेत्रका अति विपन्न व्यक्तिहरुलाई न्यानो कपडा वितरण वा राहत उपलब्ध गराउदा स्थानीय आपूर्तिकर्तासँग सम्झौता गरी पुनर्भरण (Replenish) को आधारमा Standby arrangement गर्ने र सामग्री वितरण गर्नु नपरेमा रकम खर्च नहुने गरी सम्झौता गर्ने व्यवस्था मिलाउने ।

४) प्रभावित वडाहरुका बस्तीमा शितलहर तथा चिसोबाट जोगाउनका लागि डिभिजन बन कार्यालयले स्थानीय सामुदायिक बन उपभोक्ता समूह मार्फत दाउरा उपलब्ध गराउने व्यवस्था मिलाउने र यसका लागि सम्बन्धित वडा कार्यालयहरुले दाउराको ढुवानी, उपयुक्त स्थानमा दाउरा बाल्ने र मानिस नहुँदा निभाउने जस्ता कार्यका लागि आवश्यक सहयोग पुर्याउने व्यवस्था मिलाउने।

५) कोभिड १९ महामारी रोकथाम तथा व्यवस्थापनमा स्थानीय तहहरुबाट भै रहेका कामहरुको समीक्षा गर्दा सन्तोषजनक देखिएको । आगामी दिनमा हुन सक्ने सम्भावित जोखिमलाई मध्यनजर गरी चनाखो रहदै सचेतना सम्वन्धी कार्यक्रमहरुलाई निरन्तरता दिने । यसका लागि स्वास्थ्य, पोषण, सरसफाई तथा संरक्षण क्लष्टरको तत्कालै बैठक बसी अब हुन सक्ने कोभिड १९ महामारीको अवस्थालाई आंकलन गरी स्थानीय तहस्तर र जिल्लाकै लागि पूर्व तयारी तथा प्रतिकार्य योजना बनाउने । यस कार्यमा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाले नेतृत्वदायी र अन्य सहयोगी संस्थाले आवश्यक समन्यब तथा सहयोग पुर्याउने ।

६) चौदण्डीगढीको बेल्टारमा नवनिर्मित कोभिड अस्पतालको व्यवस्थित तथा प्रभावकारी रुपमा सञ्चालन गर्न सबै क्षेत्रबाट समन्वय, साथ र सहयोग जुटाउने ।

७) यही माघ २ गते सबै स्थानीय तहले राष्ट्रिय भूकम्प सुरक्षा दिवशका अवसरमा विभिन्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी मनाउने ।

८) नेपाल रेडक्रस सोसाइटी उदयपुर शाखाको सहयोगमा उपयुक्त समयमा सुरक्षा निकायहरु तथा समुदायस्तरको सहभागितामा एक दिने विपद् प्रतिकार्य तथा उद्दार सम्बन्धी नमूना अभ्यास कार्य (सिमुलेसन) सञ्चालन गर्ने ।

९) गत आ.व. २०७६/०७७ मा उदयुपर जिल्लाका सरकारी तथा गैरसरकारी संस्थाहरुबाट विपद् व्यवस्थापनका क्षेत्रमा गरिएका प्रमुख कार्यहरु तथा खर्च विवरण समेतको वार्षिक प्रतिवेदन तयार गर्नका लागि सबै निकायहरुले उक्त विवरण जिल्ला विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराउने र प्रतिवेदन तयार गर्न नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाले आवश्यक सहयोग तथा समन्वय गर्ने ।

चक्र पाणी पाण्डे
प्रमुख जिल्ला अधिकारी

१०) समुदायस्तरमा खोज तथा उद्दारका लागि तालिम प्राप्त जनशक्तिको पालिकागत रोष्टर बनाउने । तालिम प्राप्त व्यक्ति नरहेका समुदायमा सुरक्षा निकाय र नेपाल रेडक्रस सोसाइटी समेतको सहयोग लिएर यस क्षेत्रमा काम गर्ने संस्थाले स्थानीय तहसँग समन्वय गरी तालिम सञ्चालन गर्ने ।

११) जंगली जनावर मुख्य गरी हात्तीले धेरै धनजनको नोक्सानी गर्ने हुँदा त्यस्ता जनावर धपाउन स्थानीय स्तरमा तालिम प्राप्त जनशक्ति र साधन सामग्री आवश्यक देखिएकोले सम्बन्धित डिभिजन वन कार्यालयले सुरक्षा निकायहरु समेतको सहयोग लिएर स्थानीय तहसँगको सहकार्यमा आवश्यकतानुसार प्रशिक्षण तथा अन्य व्यवस्थापनको कार्य गर्ने ।

१२) हिउँदको समयमा बनजंगलमा वनडढेलो लाग्ने र त्यसको प्रभाव गाउँ बस्तीसम्म पर्न सक्ने हुँदा सम्वन्धित डिभिजन वन कार्यालयहरुले सरोकारवालहरुसँग छलफल तथा समन्वय गरी वनडढेलो नियन्त्रणका लागि पूर्व तयारी तथा प्रतिकार्य योजना बनाउने ।

१३) स्थानीय तहबाट वितरण गरिने राहत रकममा एकरुपता कायम गर्न सबै पालिकाहरुले आपसी समन्वय गरी एकै किसिमको मापदण्ड तयार गर्ने वा परिमार्जन गर्ने ।

१४) जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७७ मा उल्लेखित सबै क्लष्टरहरुको यथा सम्भव छिटो बैठक बसी आ-आफ्ना क्लष्टरहरुको समीक्षा गरी आगामी कार्यका लागि तयारी अवस्थामा रहने ।

२०७७।८।१६

चक्र पाणी पाण्डे
प्रमुख जिल्ला अधिकारी